# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 07.12.2024**

CM

अष्टलक्ष्मी महोत्सवको दोस्रो दिन "समृद्धिको दिशामा: पूर्वोत्तरको प्रगति र विकसित भारत" विषयमा प्राविधिक छलफल सम्पन्न भयो। यस अवसरमा सिक्किमका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सिक्किमलाई एउटा प्रमुख पर्यटन गन्तव्यका रूपमा अघि सार्दै पूर्वोत्तरको विकासका सम्भावनाहरूबारे आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुभयो। मुख्यमन्त्रीले सिक्किमलाई स्विट्जरल्याण्डको प्राकृतिक सौन्दर्यसँग तुलना गर्दै पर्यटनको विकासका लागि पूर्वाधार र कनेक्टिभिटी सुधार्नुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले भारतलाई विकसित राष्ट्र बनाउनका लागि पूर्वोत्तर क्षेत्रलाई महत्वपूर्ण आधारशीला भएको बताउँदै क्षेत्रीय समृद्धिका लागि ठोस उपायहरूमा जोड दिनुभयो। कार्यक्रममा पूर्वोत्तरका चुनौती र सम्भावनाबारे गहन छलफल भएको थियो। मुख्यमन्त्रीले सिक्किमको बलियो पक्ष र भावी सम्भावनाहरूबारे चर्चा गर्दै दिगो विकास, सांस्कृतिक सम्पदाको संरक्षण र आर्थिक समृद्धिका लागि संयुक्त पहलकदमीलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिनुभयो। मुख्यमन्त्रीले अष्टलक्ष्मी महोत्सवलाई क्षेत्रीय एकता र विचारको आदानप्रदान गर्ने प्रभावकारी मञ्चको रूपमा प्रशंसा गर्दै यसलाई वार्षिक परम्परा बनाउने प्रस्ताव गर्नुभयो। कार्यक्रममा केन्द्रीय पूर्वोत्तर क्षेत्र विकास मन्त्री श्री ज्योतिरादित्य सिन्धिया, त्रिपुराका मुख्यमन्त्री डा मानिक साहा र मेघालयका मुख्यमन्त्री श्री कोनराड साङमाको पनि उपस्थिति रहेको थियो।

**TRISHAKTI CORPS**

भारतीय सेनाको त्रिशक्ति  कोरले युवामाझ राष्ट्रिय एकताको भावना जागृत गर्न र सशक्त बनाउन एक महत्त्वपूर्ण कदम चालेको छ। पूर्व सिक्किमको वास्तविक नियन्त्रण रेखा (LAC) नजिकका दुर्गम गाउँका विद्यार्थीहरूका लागि 8 देखि 18 डिसेम्बर 2024  सम्म 11 दिन लामो राष्ट्रिय एकता भ्रमण आयोजना गरिरहेको छ। यस भ्रमणमा 35 विद्यार्थी सहभागी हुनेछन्, जसमा 11 जना कन्या  विद्यार्थीसँग तीन शिक्षकहरूको साथमा विद्यार्थीहरूलाई अपरेसन सद्भावना अन्तर्गत दिल्ली, देहरादून, मसूरी र कोलकाता भ्रमण गराइनेछ। उनीहरूले भारतका राष्ट्रपति अनि उत्तराखण्ड, पश्चिम बंगाल र सिक्किमका राज्यपालहरू, र उच्च सैनिक तथा प्रशासनिक अधिकारीहरूसँग भेटघाट गर्ने अवसर पाउनेछन्। भ्रमणको आरम्भ गर्न मेजर जनरल **अमित कब्थियाल**ले आज गान्तोकस्थित लिभिङ हेलीप्याडबाट बसलाई झण्डी देखाएर विदा गरे।  टोली आज बागडोगरा विमानस्थल पुगेर  र त्यहाँबाट हवाई मार्गद्वारा नयाँ दिल्ली जानेछ। कार्यक्रममा ब्रिगेडियर कुनाल मुखर्जी, कर्नेल वी. रामचन्द्र राव, श्रीमती सुभ्रा कब्थियाल, मेजर रणजीत सिंह तथा भारतीय सेनाको त्रिशक्ति  कोरका अन्य अधिकारीहरू र कर्मचारीहरूको उपस्थिति थियो। यो भ्रमण विद्यार्थीहरूको दृष्टिकोणलाई फराकिलो बनाउने र उनीहरूमा राष्ट्रिय गर्वको भावना जगाउने र भारतीय सशस्त्र सेनामा सामेल हुन प्रेरित गर्ने लक्ष्यका साथ आयोजना गरिएको हो।

**RARI**

आयुष मन्त्रालयको केन्द्रीय आयुर्वेदीय विज्ञान अनुसन्धान परिषद् (CCRAS) अन्तर्गत गान्तोकस्थित क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्था (RARI)-ले फार्मा को-भिजिल्यान्सबारे सचेतना कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रम 6 डिसेम्बरको दिन देवरालीस्थित नामग्याल इन्स्टिच्युट अफ टिबेटोलोजीमा आयोजना गरिएको थियो। RARI गान्तोकका अनुसन्धान अधिकारी डा. श्रीलक्ष्मी आर. एस. ले CCRAS र संस्थाका उपलब्ध सुविधाका साथै आयुर्वेदमा अनुसन्धान र विकासका योगदानबारे जानकारी गराउनु भएको थियो। यसपछि, RARI गान्तोकका सहायक निर्देशक (प्रभारी) डा. अचिन्त्य मित्राले फार्मा कोभिजिल्यान्स बारे जानकारी दिनुभयो। उहाँले औषधिका प्रतिकूल प्रतिक्रिया र भ्रामक विज्ञापनहरूसँग जुध्ने उपायहरूमा विशेष जोड दिनुभयो।

**SFA**

सिक्किम महिला फुटबल टीम आज 29औं सिनियर महिला राष्ट्रिय फुटबल च्याम्पियनसिप राजमाता जिजाबाई ट्रफी 2024 - 25  को फाइनल चरणमा सहभागी हुन छत्तीसगढको नरायणपुरतर्फ प्रस्थान भएको छ। फाइनल चरणमा सिक्किम  समूह 'बी' मा हरियाणा, पश्चिम बंगाल, पञ्जाब र रेलवेसँग रहेको छ। सिक्किम फुटबल एसोसिएसनले राज्यको महिला टीमलाई शुभकामना दिँदै च्याम्पियनसिपमा उत्कृष्ट प्रदर्शन गर्न प्रोत्साहित गरेको छ। सिक्किम फुटबल संघले एक प्रेस विज्ञप्तिमा मुख्यमन्त्री प्रेमसिंह तामाङलाई सहयोगका लागि आभार प्रकट गरेको छ।